# जिल्ला समन्वय समितिको, कार्यालय

## स्याङ्गजा

## दरभाउपत्र/वोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति २०७४।४।४

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ (संशोधन सहित) र स्थानीय निकाय (आ.प्र.) नियमावली २०६४ अनुसार यस जिल्लाको आ.व. २०७४।७५ को लागी निम्न शिर्षकहरुमा कर, सेवा शुल्क,दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र/वोलपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र/वोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

### तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७४।७५ को लागि न्यूनतम अंक रु. | वोलपत्र/दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | | **<u>ढुँगा, गिट्टि, वालुवा बिक्रि कर तर्फः</u>** | | |
| १ | २.१ | सेतिदोभान भन्दा माथी आँधीखोला र सेतिखोला नाका | ४,०११००।- | ३००।- |
| २ | २.२ | खड्केटारी नाका फेदिखोला देखि तल भालुपहाडको झो.पु.सम्म | ३,४५,५००।- | ३००।- |
| ३ | २.३ | सेतिदोभान भन्दा तल भुन्टेरहसम्मको आँधीखोला नाका<br>भुन्टेरह देखि तल गैरिजाँगरसम्मको आँधीखोला नाका | १३,०१०००।- | १०००।- |
| ४ | २.४ | गैरिजाँगर देखि तल रानीरह (लामाचौर) सम्म र दरौंखोला समेत हेलु आँधीखोला नाका (कालिका स्कूलको झोलुङ्गे पूलको ५०० मि.तल बाट) | १३,७५,०००।- | १०००।- |
| ५ | २.५ | दरौंखोला अर्जुनचौपारी रापाकोट नाका (कालिका स्कूलको झोलुङ्गे पूलको ५०० मि.माथी देखी) | ५,७५,०००।- | ३००।- |
| ६ | २.६ | रानीरह (लामाचौर) देखि तल कैनी रहसम्मको बयरघारी नाका | १०,००,०००।- | १०००।- |
| ७ | २.७ | कैनी रह देखि तल ओडारे झोलुङ्गे पुलसम्मको छाडछाङ्गदी नाका | ५,००,०००।- | ३००।- |
| ८ | २.८ | वालिङ नगरपालिका क्षेत्र | ८,००,०००।- | ३००।- |
| ९ | २.९ | मोदिखोला देखि तल करादीसम्म<br>करादी देखि तल आँधीमुहानसम्म | ८,५०,०००।- | ३००।- |
| १० | २.१० | राम्दी नाका (बालुवा मात्रै) | २२,१५,१११।- | १०००।- |
| ११ | २.११ | मिर्मी वेल्टारी बास्टारी नाका<br>मालुङा ठूलाबगर नाका | ५,७५,०००।- | ३००।- |
| १२ | २.१२ | निमा घाट नाका | ७,५०,०००।- | ३००।- |
| १३ | २.१३ | जिमुवा नाका<br>हुँगीघाट, बेलचौर नाका | १,५१,१००।- | ३००।- |
| १४ | २.१४ | कुवाकोट नाका आँधिघाट<br>कुवाकोट नाका नयाँपाटन | ४५,०००।- | ३००।- |
| १५ | २.१५ | चापाकोट निर्दिम तल्लो नाका<br>चापाकोट वत्रा माथिल्लो नाका | ४,०६,०००।- | ३००।- |
| १६ | २.१६ | रत्नपुर नाका, सेखाम समेत | १,०१,०००।- | ३००।- |
| १७ | २.१७ | साँखर नाका | ५२,०००।- | ३००।- |
| १८ | २.१८ | विरुवा नाका (वानेथोक, विरुवा, किचनास) | ३६,०००।- | ३००।- |
| १९ | २.१९ | ज्यागदीखोला नाका (चिन्नेवास गा.वि.स.क्षेत्र) | ७५,०००।- | ३००।- |

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७४।७५ को लागि न्यूनतम अंक रु. | वोलपत्र/ दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | | मल्याङ्कोट नाका (मल्याङकोट सेखाम ढाक्रे सम्म) | | |
| २० | २.२० | चण्डीभञ्याङ कालीगण्डकी क्षेत्र | ३१,००,०००।- | १०००।- |
| | | आलमदेवी कालीगण्डकी क्षेत्र | | |
| २१ | २.२१ | जिल्ला निकासी कर ( ढुङगा गिट्टी वालुवा) | | |
| १ | २.२१.१ | चण्डीभञ्याङ ,आलमदेवी कालीगण्डकी क्षेत्र | ७,०१,२००।- | ३००।- |
| २ | २.२१.२ | राम्दी नाका | ७,००,००५।- | ३००।- |
| ३ | २.२१.३ | कुभिण्डे नाका | ५०,०००।- | ३००।- |

**शर्तहरु :-**

१) दरभाउपत्र/वोलपत्र पेश गर्दा व्यत्तिले (१ लाख ५० हजार सम्मको मात्रै ) नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्र/वोलपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालयबाट दरभाउपत्र/वोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र/वोलपत्र ३१ (एकतिसौं) दिन मिति २०७४/५/५ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र/वोलपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्र/वोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र/वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र/वोलपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजा स्थित ग-३-० ०७२०३०००००००००३००००६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र/वोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह १ बजे पछि दरभाउपत्र/वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र/वोलपत्र फाराम भरी आएको, दरभाउपत्र/वोलपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र/वोलपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र/वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र/वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्र/वोलपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ

६) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको ने.बै.लि.स्याङ्गजा स्थित २०३ ग-४-३/०७२०३००००००००४००३००७ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र वाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७५ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७४ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७४ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्र/वोलपत्रमा भाग लिन पाउने छैनन् ।

८) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्र/वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

९) प्राप्त दरभाउपत्र/वोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०) ढुङ्गा, गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन् तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन् तथा संकलन गर्ने अवधी असोज १ गते देखि जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सब्मन्धी कार्य गर्दा नदीजन्य पदार्थ उत्खनन् ओसार पसार तथा बिक्री वितरण गर्ने कार्यविधी २०७४ बमोजिम गर्नुपर्नेछ ।

११) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै नेपाल सरकार र यस जि.स.स. बाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्र/वोलपत्रदाताले पालना गर्नु पर्नेछ

१२) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

स्थानीय विकास अधिकारी